'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १६५ आइतवार २७ माघ, २०८१ 09 (Sunday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## रोजगारमुलक,व्यवहारिक शिक्षा र डिजिटल विद्यालय

# गोरखा स्कुलको १२औं वार्षिक उत्सव भव्य रूपमा सम्पन्न

■ सरला सुवेदी
कोहलपुर, माघ/२६



बाँकेको कोहलपुर-२ मा सञ्चालित गोरखा युनाइटेड पब्लिक स्कुलले आफ्नो १२औं वार्षिक उत्सव तथा अभिभावक दिवस भव्य रूपमा सम्पन्न गरेको छ। विद्यालय स्थापनाको २३औं वर्षको अवसर पारेर आयोजित यस विशेष कार्यक्रममा लर्ड बुद्ध कलेज अफ एसोसिएट्सकी प्राध्यापक प्रज्ञा घिमिरे प्रमुख अतिथि रहनुभएको थियो। विद्यालयका सञ्चालक केशर बहादुर आले मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय बौद्धिक समुदाय तथा विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि प्रोफेसर प्रज्ञा घिमिरेले विद्यालयले कोहलपुर क्षेत्रलाई गुणस्तरीय र व्यवहारिक शिक्षाका माध्यमबाट देशभर चिनाउने कार्य गरिरहेकोमा प्रशंसा गर्नुभयो। उहाँले आधुनिक शिक्षाको आवश्यकता, सिर्जनशील सोचको विकास तथा प्रविधिमैत्री शिक्षण पद्धति अपनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "आजको प्रतिस्पर्धात्मक युगमा प्रविधिसँग हातेमालो नगरी शिक्षालाई प्रभावकारी बनाउन सकिँदैन। सिर्जनशील शिक्षा, नैतिक शिक्षा, आधुनिक प्रविधि र जीवन उपयोगी सीपहरूसहितको शिक्षाले मात्र विद्यार्थीलाई आत्मनिर्भर बनाउन सक्छ।" साथै, विद्यालयले आगामी दिनहरूमा थप सुधार गर्दै विद्यार्थीहरूलाई व्यवहारिक शिक्षामा केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो । विद्यालयका सञ्चालक केशर बहादुर आले मगरले २३ वर्षको यात्रा सहज नभए पनि विद्यालयले गुणस्तरीय तथा जीवनोपयोगी शिक्षामा निरन्तर सुधार गर्दै आएको बताउनुभयो। उहाँले भविष्यमा विद्यालयलाई अझ प्रविधिमैत्री बनाउने, नवीनतम शैक्षिक विधिहरू लागू गर्ने र विद्यार्थीहरूको बहुपक्षीय विकासलाई प्राथमिकता दिने योजना रहेको जानकारी दिनुभयो। विशिष्ट अतिथि अभिभावक संघका अध्यक्ष अर्जुनजङ शाह ले बालबालिकाहरूलाई "काँचो माटो" जस्तो भएको उल्लेख गर्दै अभिभावकले उनीहरूलाई सही दिशा निर्देश गर्नुपर्ने बताउनुभयो। विद्यालयले भौतिक संरचना मात्र नभई, शैक्षिक स्तरको पनि उल्लेखनीय सुधार गर्दै आएकोमा उहाँले प्रशंसा गर्नुभयो । "बालबालिकाहरूको उज्ज्वल भविष्य निर्माणमा शिक्षक, विद्यालय प्रशासन र अभिभावकहरूको सहकार्य अत्यन्त जरुरी छ। घर र विद्यालयले समान रूपमा जिम्मेवारी बोध गरे मात्र विद्यार्थीहरूको समग्र विकास सम्भव हुन्छ," अध्यक्ष शाहले भन्नुभयो । कार्यक्रम दुई चरणमा सम्पन्न भएको थियो। पहिलो चरणमा विद्यार्थीहरूले मार्चपास, कविता, गीत, एरोबिक्स, योग, पिटी, ड्रिल, तेक्वान्दो तथा 'जङ्क फुडको बेफाइदा' सम्बन्धी सचेतनामूलक प्रस्तुति दिएका थिए। विद्यार्थीहरूले विभिन्न समुदायका कला, संस्कृति झल्कने कार्यक्रम प्रस्तुत गरे, जसले सांस्कृतिक विविधता र एकताको सन्देश प्रवाह गर्यो । त्यस्तै, बालबालिकाहरूले बनाएका विज्ञान परियोजना तथा आविष्कारहरू प्रदर्शन गरिएको थियो, जसले विद्यार्थीहरूको वैज्ञानिक सोच र नवाचार प्रवृत्ति विकास भएको स्पष्ट पारेको थियो। अभिभावकहरूले आफ्ना छोराछोरीको कला, सिर्जनशीलता तथा आत्मविश्वास देख्दा मन्त्रमुग्ध भएका थिए। कार्यक्रममा विशेष रूपमा केही अभिभावकहरूलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। साथै, नर्सरी कक्षामा अध्ययनरत बालबालिकाहरूका हजुरबुबा-हजुरआमालाई फलफूल प्रदान गरी सम्मान गरिएको थियो। विद्यालय प्रशासनका अनुसार, पारिवारिक सम्बन्धलाई सुदृढ गर्नका लागि यस्ता कार्यक्रमहरू महत्वपूर्ण भूमिका खेल्ने बताइएको छ। विद्यालयका विभिन्न वक्ताहरूले गुणस्तरीय शिक्षाका लागि विद्यालय र अभिभावक दुवैको सहकार्य आवश्यक रहेको बताए। प्रविधि र व्यावसायिक सीपलाई जोड, व्यवहारिक शिक्षाको विकास, सिर्जनशील सोचको प्रवर्द्धन तथा विद्यार्थीहरूलाई आत्मनिर्भर बनाउन आवश्यक नीति तथा कार्यक्रमहरू लागू गरिनुपर्नेमा विशेष जोड दिइयो । विद्यालय व्यवस्थापनले आगामी दिनहरूमा प्रविधिमैत्री कक्षा, प्रयोगात्मक शिक्षाको विस्तार तथा शिक्षक अभिमुखीकरण मा विशेष ध्यान दिने प्रतिबद्धता व्यक्त गरेको छ । कार्यक्रमका अन्त्यमा विद्यालयका सञ्चालक तथा शिक्षकहरूले विद्यार्थीहरूको सर्वांगीण विकासका लागि नयाँ प्रविधि तथा शैक्षिक विधिहरू अपनाउने प्रतिबद्धता व्यक्त गरे। विद्यालयले निरन्तर गुणस्तरीय शिक्षा प्रदान गर्दै आएकोमा अभिभावक, विद्यार्थी तथा अतिथिहरूले प्रशंसा व्यक्त गरेका थिए । गोरखा युनाइटेड पब्लिक स्कुलको १२औं वार्षिक उत्सव तथा अभिभावक दिवस भव्य रूपमा सम्पन्न भएको यस कार्यक्रमले विद्यालय, विद्यार्थी, अभिभावक तथा स्थानीय समुदायबीचको सहकार्यलाई थप मजबुत बनाएको छ। विद्यालयले लिएको नयाँ शैक्षिक रणनीति, प्रविधिमैत्री शिक्षामा गरिएको प्रतिबद्धता तथा विद्यार्थीहरूको उत्कृष्ट प्रदर्शनले कोहलपुर क्षेत्रमै यस विद्यालयलाई गुणस्तरीय शिक्षाको पर्याय बनाउने विश्वास गरिएको छ।

## गुणस्तरीय शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक – प्रो. प्रज्ञा घिमिरे

# मौलिक कला संस्कृतिलाई समुदायको आय आर्जनसँग जोड्न जरुरी छः आचार्य

■ नमस्ते समचारदाता
दाङ, माघ/२६



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले परम्परागत मौलिक कला संस्कृति संरक्षण गर्दै त्यसलाई समुदायको आय आर्जनसँग जोड्नुपर्ने बताउनु भएको छ । अन्तरप्रदेश स्तरीय थारु सांस्कृतिक सम्मेलनको दाको चखौरामा उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले थारु समुदायको मौलिक कला, संस्कृति संरक्षण गर्दै त्यसलाई आर्थिक आम्दानीसँग जोड्न आवश्यक रहेको बताउनु भएको हो । 'हाम्रा मौलिक कला संस्कृति संरक्षण गर्दै त्यसलाई समुदायको आर्थिक आम्दानीसँग जोड्न जरुरी छ,' उहाँले भन्नुभयो, 'प्रदेश सरकारले थारु सांस्कृतिक संग्रहालय, होमस्टे सञ्चालनजस्ता कार्यलाई प्राथमिकतामा राखेको छ। साथै, समुदायमा सिप हस्तान्तरणलाई समेत प्राथमिकतामा राखिएको छ ।'मुख्यमन्त्री आचार्यले थारु समुदायको प्रत्येक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो । निजामती सेवामा थारु समुदायको १४ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको जानकारी गराउँदै उहाँले लोकसेवा आयोगले गर्ने विज्ञापनमा दरखास्त दिएर सहभागी हुन आह्वान गर्नुभयो। 'निजामती सेवामा प्रवेश गर्ने अवसर प्रदेश सरकारले खुला गरेको छ। हामीले सहभागिताको सुनिश्चितता गरेका छौँ,'उहाँले भन्नुभयो,'यस विषयमा पनि यहाँहरूले ध्यान दिनुपर्नेछ ।' स्थानीय मदिराको बजारीकरणका लागि संघीय सरकारले कानुन नबनाउँदा समस्या उत्पन्न भएको उल्लेख गर्दै उहाँले वर्तमान संसद्बाट विधेयक पारित गरेर भएपनि समस्या समाधान गर्न आग्रह गर्नुभयो। थारु समुदाय लगायत आदिवासी जनजातिले परम्परागत रूपमा उत्पादन गर्दै आएको स्थानीय मदिरालाई बजारसँग जोड्न प्रदेश सरकारले प्राथमिकता दिएको भए पनि संघीय सरकारबाट कानुनी व्यवस्था नहुँदा ब्रान्डिङ र लेबलिङमा समस्या देखिएको मुख्यमन्त्री आचार्यले बताउनु भयो । प्रदेश सरकारले थारु समुदायलगायत अन्य समुदायले मनाउने माघ पर्वलाई सम्मानस्वरूप उत्सवका रूपमा मनाउँदै आएको उहाँले स्मरण गराउनुभयो । संवोधनका क्रममा मुख्यमन्त्री आचार्यले संघीय सरकारले गत वर्ष समानीकरण अनुदान नपठाउँदा प्रदेश सरकार आर्थिक भारमा परेको बताउँदै समस्या समाधान गर्न आग्रह गर्नुभयो । 'संघीय सरकारले समानीकरण अनुदान नपठाउँदा प्रदेश सरकारले समस्या भोगिरहेको छ । म सभापति ज्यूमार्फत यो समस्या राख्न चाहन्छु,'उहाँले भन्नुभयो,'संघीय सरकारले छिटोभन्दा छिटो समानीकरण अनुदानको रकम पठाउन जरुरी छ ।' त्यस्तै, मुख्यमन्त्री आचार्यले हुलाकी राजमार्गको निर्माण कार्यलाई तीव्रता दिन संघीय सरकारको ध्यानाकर्षण गराउनु भयो ।'लुम्बिनी प्रदेशको नवलपरासीदेखि बर्दियासम्म हुलाकी राजमार्ग पर्छ। तर, यो सडकको निर्माण कार्य अपेक्षाअनुसार अघि बढ्न सकेको छैन ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

धुम्रपान तथा सुर्तीजन्य पदार्थ सेवनका असर

- दम, निमोनिया, ब्रोन्काईटिसजस्ता श्वासप्रश्वाससम्बन्धी समस्या देखा पर्ने,
- बारम्बार रुघाखोकी लाग्ने,
- कानको संक्रमण भई श्रवण शक्ति कम हुने,
- क्यान्सरको सम्भावना बढ्ने भएकोले,

धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन आफू पनि नगरौं, अरुलाई पनि गर्नबाट निरुत्साहित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## भूमिहीन एकातिर, आयोगहरू कतातिर ?

**नेपालमा भूमिहीनता र अव्यवस्थित बसोबासको समस्या पुरानो र जटिल चुनौती हो। विशेषगरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या सुल्झाउन भनेर २०४८ सालदेखिकै सरकारहरूले विभिन्न आयोग र समितिहरू बनाए। अहिले पनि एउटा भूमि समस्या समाधान आयोग छ। जो यही समस्या समाधानका लागि भनेर लागिरहेको छ। झन्डै १५ लाख परिवार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको रूपमा नेपालमा रहेको अनुमान छ। आयोगले देशभरका घर परिवारको व्यवस्थापन गर्ने लक्ष्य राखेको छ। आयोगले समावेशी र व्यवस्थित ढंगले भूमिहीन नागरिकलाई भूमि उपलब्ध गराउने तयारी गरिरहेको छ। १५ लाख परिवारको अनुमानित संख्या र ती परिवारका विवरणहरूको प्रमाणीकरण भने जटिल छ। भूमिसम्बन्धी ऐनले नै भूमिहीनलाई आवासका लागि भूमि उपलब्ध गराउने भन्छ। संविधानले पनि सबै नेपालीलाई आवासको अधिकार हुने भनेको छ। तसर्थ पनि भूमि उपलब्ध गराउने दायित्व सरकारलाई हुनु स्वाभाविक हो। अहिलेको आयोगले सबै नेपालीलाई जग्गाको स्वामित्व उपलब्ध गराउने उद्देश्य राखेको छ। तथापि, यस कार्यलाई यथासम्भव चाँडो र प्रभावकारी बनाउन समन्वय र स्रोतको समुचित व्यवस्थापन अत्यन्त महत्वपूर्ण हुनेछ। भूमि समस्या समाधानको प्रक्रिया मात्र पर्याप्त छैन; भूमिहीन दलित र सुकुम्बासीलाई प्रदान गरिएका भूमि क्षेत्रमा बसोबास गर्न उपयुक्त वातावरण पनि आवश्यकता पर्छ। उदाहरणका लागि, जोखिमयुक्त स्थान, नदी किनारा, र राष्ट्रिय निकुञ्जजस्ता संवेदनशील क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरूलाई सुरक्षित र जीवनोपयोगी स्थलमा पुनर्स्थापन गर्नुपर्ने कुरा अवश्य ध्यानमा राख्नुपर्ने छ। भूमि वितरणको प्रक्रिया पारदर्शी र सुचारु बनाउन सरकारले सुधारात्मक कदम चाल्नु पर्नेछ। नेपालमा सुकुम्बासी र अव्यवस्थित बसोबासीका समस्याहरू समाधान गर्न २०४६ पछि हालसम्म १७ वटा आयोग गठन भएका छन्। ती आयोग र समितिले गरी अहिलेसम्म १ लाख ६१ हजारभन्दा धेरैलाई जग्गा दिएकै हुन्। तर देशमा भूमिहीनको समस्या समाधान घट्नुको साटो बढेकै छ। यसबाट भूमि वितरण गर्दैमा भूमिहीन नघट्ने देखिन्छ। आवासको अधिकार भनेको जमिन वितरणसँग नजोडी अपार्टमेन्ट उपलब्ध गराउने र निश्चित पुस्तापछि राष्ट्रियकरण हुने व्यवस्था व्यावहारिक हुन्छ।**

# उमेरको 'मिसन-८४' होइन, भिजनसहितको 'मिसन-८४' बनाऔँ

**सुरेश भट्ट आश्रिन**

अब त अति भइसक्यो। देउवादाइ, ओली बा! तपाईंहरू राजनीतिबाट बिदा लिनुस्; भजन-कीर्तन गर्दै र सुन्दै तीर्थयात्रा गर्नुस्; तपाईंहरूको जोडी गजबको सुहाउँदो देखिन्छ– यसो भन्नेहरू देशमा धेरै भइसके होलान् तर देउवादाइ सकिनसकी घिस्रिँदै पुनः एकपटक देशका लागि ३९औँ प्रधानमन्त्री र आफ्नो राजनीतिक जीवनकालमा छैटौँपटक प्रधानमन्त्री बन्ने कछुवा गतिमा देखिन्छन् । देशका बहालवाला ३८औँ प्रधानमन्त्री केपी शर्मा ओलीको उमेर ०८१ फागुन ११ गते ७४ वर्ष पुग्नेछ । देशमा राणातन्त्र अन्त्यपश्चात्को साढे सात दशकमा सातैपटक संविधान फेर्दा पनि आम नागरिकले अवस्था फेरिएको महसुस गर्न सकेका छैनन् । देशमा पटकपटक हिंसात्मक तथा अहिंसात्मक आन्दोलन भए । ती आन्दोलनले नागरिकका राजनीतिक अधिकारको सुनिश्चितता गरे पनि नागरिकको जीवनस्तरमा कुनै सार्थक परिवर्तन भएको छैन। प्रजातन्त्र पुनर्स्थापना (०४६ को परिवर्तन) पछि मुलुकमा ६ वटा आमनिर्वाचन भए । एकपछि अर्को निर्वाचनले समयसापेक्ष प्रगतिशील विचार र विधिको शासनलाई आत्मसात गर्दै लैजानुपर्ने हो तर पटक-पटक उही पुराना नेता नेतृत्वमा आउने क्रम बढेको छ । उनीहरुबिचको खिचातानीले गर्दा देशले अग्रगति लिन सकेको छैन। उनीहरुकै 'सिन्डिकेट'का कारण जनताले पनि नयाँ जनप्रतिनिधि छान्ने अवसर पाएका छैनन् । आज देशमा स्थापित र अस्तित्वमा रहेका जति पार्टी छन्, ती पार्टी युवाकै बलबुतामा खोलिएको र हाँकिएको इतिहास छ । बीपी कोइराला ३३ वर्षमै कार्यवाहक सभापति, ३९ वर्षमा पार्टी सभापति र ४६ वर्षको हुँदा नेपालको प्रधानमन्त्री भइसकेका थिए। ०८४ को निर्वाचनलाई राजनीतिक पार्टीहरूले मिसन ८४ को एजेन्डा बनाएका त छन् तर पुरानै नेताबाट नयाँ भिजनको खाका कोरिँदैन। सम्भवतः मिसन ८४ मा ८४ वर्ष पुगेका नेताले पनि भाग लिनेछन् । २०८४ मा हुने निर्वाचन होस् वा २०८९ हुने निर्वाचन होस्, जहिलेसम्म राजनीतिक पार्टीहरूमा देखिने गरी उल्लेखनीय परिवर्तन हुँदैन तबसम्म पार्टीभित्रका पुरानै पात्रले पदीय मर्यादा क्रमको हवाला दिँदै चक्काजाम गरिरहन्छन् र सुयोग्य युवाहरूले नेतृत्वको अवसर प्राप्त गर्दैनन्। अहिले राजनीतिक पार्टीहरूभित्र पनि एकखाले बहस चलिरहेको छ भन्ने सुनिन्छ, 'युवाले हुँदैन। अनुभवी र योगदानमा आधारित नेता नै उपयुक्त हो।' उमेरका हिसाबले मात्रै युवा भएर हुँदैन भन्न खोजिएको हो भने यो कुरासँग आंशिक सहमत हुन सकिएला, पूरै सहमत हुन सकिँदैन । राष्ट्रिय राजनीतिमा हामी संस्कार र आचरणको खडेरीबाट ज्यादा प्रताडीत छौँ। हाम्रो राजनीतिमा उमेर वा युवाको कुरा मात्र होइन उमेरसँगै विश्वदृष्टिको कुरा पनि जोडिएर आएको छ । युवा नेतृत्वमा राजनीतिक संस्कार र आचरण प्रधान हुनुपर्छ । दोस्रो कुरा, देशको अर्थतन्त्र उकास्ने स्पष्ट नीति-योजना र कूटनीति पनि एउटा नेतासँग हुनुपर्छ । नागरिकका असन्तुष्टिको सही कारण पत्ता लगाई संविधानमा व्यवस्था भए अनुरुप रोजगार, शिक्षा, स्वास्थ्य, सांस्कृतिक पहिचान आदि जस्ता आकांक्षा पूरा गर्ने कर्तव्य युवा राजनीतिकर्मीको हो। जनताले खोजेको नेतृत्व पुस्तान्तरण आज देशमा स्थापित र अस्तित्वमा रहेका जति पार्टी छन्, ती पार्टी युवाकै बलबुतामा खोलिएको र हाँकिएको इतिहास छ। बीपी कोइराला ३३ वर्षमै कार्यवाहक सभापति, ३९ वर्षमा पार्टी सभापति र ४६ वर्षको हुँदा नेपालको प्रधानमन्त्री भइसकेका थिए। पार्टी सभापति शेरबहादुर देउवा पहिलोपटक प्रधानमन्त्री हुँदा ४८ वर्षका थिए । माओवादी पार्टीका अध्यक्ष प्रचण्डले भूमिगत राजनीति गर्दा ३५ वर्षमै पार्टीको महासचिव भएका थिए। नारायणकाजी श्रेष्ठ पनि ३५ वर्षमै तत्कालीन एकता केन्द्रको महासचिव भएका थिए। मदन भण्डारी ४० वर्षको उमेरमा महासचिव बनेका थिए । वैकल्पिक राजनीतिका प्रणेता उज्ज्वल थापा ३६ वर्षकै उमेरमा विवेकशील साझा पार्टी अध्यक्ष भएका थिए । उज्ज्वल थापाले संस्थाप अध्यक्ष हुँदै पहिलो अधिवेशनबाट निर्वाचित भएर एक कार्यकाल नेतृत्व गरेपश्चात् मिलन पाण्डेलाई नेतृत्व हस्तान्तरण गरे । नेपाली राजनीतिमा बाँचुन्जेल घिसिपिटी गर्दै पावरमा बसिरहने कुसंस्कारयुक्त परम्परा तोड्न एक वा दुईभन्दा बढी कार्यकालको नेतृत्व नगर्ने स्वर्गीय नेता उज्ज्वल थापा नेपाली राजनीतिमा पहिलो उदाहरणीय पात्र हुन्। उनले आफूपछिको पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने थितिको सुरुवात त गरे, तर त्यो पुराना नेताहरूका लागि उदाहरणीय बन्न सकेन । हाम्रा अग्रज नेताहरू विश्व राजनीतिलाई हेरेर पनि आफूले राजनीतिक रूपमा विश्राम लिनुपर्छ भन्ने सिक्नुपर्छ । सान्ना मरिन ३६ वर्षकै उमेरमा फिनल्यान्डको प्रधानमन्त्री बनेकी थिइन् । इम्यानुअल म्याक्रोन ४० वर्षकै उमेरदेखि फ्रान्सको नेतृत्व गरे। ग्याब्रियल बोरिक ३६ वर्षमै चिलीको सरकार प्रमुख बने। अस्ट्रियाका चान्सलरले ३१ वर्षमा देशको नेतृत्व सम्हालेका थिए । भाइस-चान्सलरलाई निर्वाचन प्रभावित पार्ने सन्दर्भमा कुराकानी गरेको भनेर समाचार सार्वजनिक भएपछि उनले नैतिकताका आधारमा केही समयअघि राजीनामा दिए । हाम्रा देशका नेताहरू ठुल्ठुला काण्डमा मुछिँदा र जोडिँदा पनि नैतिकताका आधारमा राजीनामा दिँदैनन्। कांग्रेस, एमाले र माओवादीभित्र परिवर्तन युवा नेता गगन थापा र विश्वप्रकाश शर्मा कांग्रेस पार्टीभित्रको आन्तरिक लोकतान्त्रिक विधिद्वारा महामन्त्री र जनअनुमोदनमार्फत नागरिकका सर्वाधिक लोकप्रिय जनप्रतिनिधि बने। अहिले नेपाली कांग्रेसभित्र नीति र नेतृत्व दुवैमा परिवर्तनको आवश्यकता रहेको भन्दै गगन थापाले पार्टी सभापति देउवाको स्थान लिने र भावी प्रधानमन्त्रीका रूपमा आफूलाई अब्बल साबित गर्न जबर्जस्त गृहकार्य गर्दै छन्। यो खालको प्रयत्न र पहल आवश्यक छ । यस्तै, एमाले अध्यक्ष केपी शर्मा ओलीले उमेर हदका कारण पनि सक्रिय राजनीतिबाट विश्राम लिनुपर्छ । चार दशकदेखि एउटै पुस्ताबाट शासित नेपाली नागरिकलाई केही हदसम्म राहत मिल्नेछ। सुखी नेपाली समृद्ध नेपालको खाका कोर्ने पालो योगेशहरूको काँधमा आउनुपर्छ। माओवादीले आफ्नो खस्किँदै गएको साख जोगाउन सत्तामोहबाट पर रहेर जनतासम्म पुग्नुपर्छ। पार्टीमा युवा आवाज र नेतृत्वलाई महत्त्व दिइनुपर्छ।

# जिम्मेवारीको बोझले थिचिएको पुरुष

**विदुरप्रसाद दाहाल**

जग्गा किन्ने वा बेच्ने, घर बनाउने वा नबनाउने, ऋण लिने वा दिने, छोराछोरी विदेश पठाउने वा नपठाउनेजस्ता ठुला र महत्त्वपूर्ण निर्णय गर्ने जिम्मेवारी पुरुषको हुन्छ । त्यसको जोखिम उसैले उठाउनु पर्छ । राम्रो-नराम्रोको भागिदार आफैँ हुन्छ। परिवार र समाजले उसलाई त्यो जिम्मेवारी सुम्पेको छ। त्यसबाट ऊ भाग्न सक्दैन। त्यति मात्र होइन जागिर खाने, कमाउने र परिवार पाल्ने प्रमुख दायित्व उसैको हो। मानौँ त्यसको ठेक्का उसैलाई मात्र परेको छ। पुरुष हरेक समास्यासँग मुकाबिला गर्छ। समस्या पर्दा रुनु हुँदैन भनेको छ समाजले । रुँदैन ऊ रोए पनि लुकेर रुन्छ । सकेसम्म दुःख अरुलाई देखाउँदैन। परिवारको खुसीका लागि हर प्रयास गर्छ । तनावले अनुहार चाउरिन्छ । कपाल झरेर तालुखुइले हुन्छ । तनाव भुल्न रक्सी र चुरोटको सहारा लिन्छ । लोग्ने मान्छे खुसी हुने भनेको केटाकेटी हुँदा मात्रै हो । विवाहपछि उसका खुसी खोसिन्छन्, लुटिन्छन् । श्रीमती, छोराछोरी र परिवारका आवश्यकता पूरा गर्दैमा उसलाई ठिक हुन्छ । लाग्छ, उसको जिन्दगी अरुका लागि मात्रै हो। तनावका कारण उसको अनुहारको चमक खोसिन्छ । हर समस्याको समाधान उसैले निकाल्नु पर्छ । लोग्ने मान्छे लाछी हुन सक्दैन । त्यति मात्र होइन कुरा पक्का गर्नुपर्छ । बोली फेर्न पाउँदैन। अन्यथा 'बोली फेरिस् भने यस्तो-उस्तो हुनेछ!' जस्ता कुरा उसले सुन्नुपर्छ । कुनै समय थियो– खेतबारी, परालको माच हेरेर छोरी दिने वा नदिने निर्णय हुन्थ्यो । विशेषतः उब्जनीले खान पुग्छ कि पुग्दैन भन्ने हेरिन्थ्यो । प्रशस्त खेतीपाती नभए छोरी नदिने चलन थियो। अहिले समय फेरिएको छ– केटाको इलम र जागिर के हो ? विवाहको कुरो चलाउँदा केटी पक्षबाट सोधिने प्रश्न हो यो। केटो जागिरे हो वा व्यापार-व्यवसाय गर्छ वा विदेश छ भने मात्र सकारात्मक जवाफ आउँछ। केटी वा उसका पक्षले माथिल्लो हैसियतको केटा खोज्छन् । केटाले आफूसरह वा सोभन्दा तल्लो हैसियतको केटी पनि स्वीकार गर्छ । रोजगारयुक्त केटाले बेरोजगार केटी पनि बिहे गर्छ तर केटीले कम हैसियतको वा बेरोजगार केटासँग विवाह गरेका उदाहरण कमै छन् । श्रीमतीले श्रीमान् र परिवारको जिम्मेवारी बोकेको सायदै भेटिन्छ। केटीले केटा र परिवारलाई पाल्छे भन्ने कल्पना अहिले पनि समाजले गर्दैन, पत्याएको छैन । मेरो लेखाइलाई पितृ सत्तात्मक सोच भन्नुहुन्छ भने पनि स्वीकार छ मलाई । समाजको वास्तविकता पनि यही हो । श्रीमती रोजगारयुक्त वा माथिल्लो हैसियतको तर लोग्ने बेरोजगार वा तल्लो हैसियतको भए हालत के होला ? मेरो लेखाइलाई पितृ सत्तात्मक सोच भन्नुहुन्छ भने पनि स्वीकार छ मलाई । समाजको वास्तविकता पनि यही हो । श्रीमती रोजगारयुक्त वा माथिल्लो हैसियतको तर लोग्ने बेरोजगार वा तल्लो हैसियतको भए हालत के होला ? कल्पना गर्नुस् त ? पक्कै पनि घरको वातावरण समधुर हुँदैन । समान हैसियत जेनतेन स्वीकार हुन्छ । अन्यथा असमान हैसियत भए विकल्प खोज्छन् केटी मान्छेले । लोग्ने मान्छेलाई त्यो छुट छैन । कमजोर र बेरोजगार श्रीमती भए पनि उसले आफ्नो भाग्यलाई दोष लगाउँदै बाँच्नका लागि संघर्ष गर्छ। कानुनले पनि केटालाई त्यो छुट दिँदैन। केटीलाई अदालत र कानुनले समेत त्यो छुट दिन्छ। हुन त विगत परम्परागत थियो । पितृ सत्तात्मक समाज थियो । इतिहासको कालखण्डमा पनि अरनिको कालिगड काम गर्न बेइजिङ पुगे! मुनालाई छाडेर मदन कमाउन लासा पुगे! बेलायती सेना र भारती सेनामा भर्ती भए, लाहुर गए। यी केवल ऐतिहासिक उदाहरण हुन् । वर्तमान पनि त्योभन्दा भिन्न छैन। पुरुषलाई समग्र घर-परिवारको बोझले थिचेको हुन्छ। केही गर्नैपर्छ, नगर्ने छुट पाउँदैन उसले। महिलाले घरायसी काम गर्ने र पुरुषले कमाउने तथा घर बाहिरका काम गर्ने संस्कार थियो। संस्कार अघोषित रुपमा सामाजिक नियममा परिणत भयो । पुरुषले त्यो बन्धनबाट मुक्ति पाएन। पाल्ने, कमाउने र जिम्मेवारीको बोझ बोक्ने पुरुषलाई नै ठानियो। त्यो धर्म उसले निभाउनैपर्छ। महिलाहरू बिस्तारै घरबाहिर निस्कन थाले। संविधानले पनि अधिकार दियो। समाज परिवर्तन भई महिलाहरू पनि सक्षम भए। बुझ्नेले श्रीमान्–श्रीमती रथका दुई पाङ्ग्रा भन्छन् तर महिलाको पाङ्ग्रो बलियो भयो भने घर बिग्रन्छ रे! पुरुषको पाङ्ग्रो बलियो भयो भने जेनतेन घर-व्यवहार चल्छ रे! दुवै समान भए सुनमा सुगन्ध हुन्छ। भाग्यमानी पुरुषहरूले मात्र त्यस्तो अवसर पाउँछन् । पुरुष आफ्ना इच्छा-चाहनालाई मारेर भए पनि परिवारका लागि काम गर्छ । च्यात्तिएका जुत्ता र मोजा लगाएर छोराछोरी र श्रीमतीका आवश्यकता पूरा गर्छ । उनीहरूको खुसी नै आफ्नो खुसी ठान्छ। पुरुषको जति दबाब महिलालाई परेको हुँदैन। सकेसम्म लोग्नेमान्छेले श्रीमतीको कमाइ खाँदैन। खायो भने पनि समाजले उसको कुरा काट्छ। केटी मान्छेको कमाई 'मेरो' हुन्छ । पुरुषको कमाई परिवारको हुन्छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# गोरखा युनाइटेड पब्लिक स्कुलको आफ्नो १२औं वार्षिक उत्सव तथा अभिभावक दिवसको फोटोफिचर




























# मार्तडीमा विपद् जोखिम व्यवस्थापन स्थानीयकरण तालिम सुरु

■ नमस्ते समचारदाता
बाजुरा, माघ/२६




विपद् जोखिम व्यवस्थापन स्थानीयकरण तालिम जिल्ला सदरमुकाम मार्तडीमा सुरु भएको छ। शनिवारदेखि नेपाल रेडक्रस सोसाइटी बाजुरा जिल्ला शाखा सुरक्षित नेपाल परियोजनाको आयोजनामा दुई दिने तालिम सुरु भएको हो । विपद् जोखिम व्यवस्थापन स्थानीयकरण सम्बन्धी दुई दिने तालिममा सुरक्षित नेपाल परियोजना लागू भएका बढीगंगा नगरपालिका र खप्तड छेडेदह गाउँपालिकाका जनप्रतिनिधि रेडक्रसकर्मीहरुको सहभागीता रहेको छ । विपद् जोखिम व्यवस्थापन स्थानीय करण तालिमको बुढीगंगा नगरपालिकाका नगर प्रमुख रामबहादुर बानियाँले उद्धाटन गर्दै तालिम सुरु भएको जनाएको छ ।तालिम उद्धाटन सत्रमा बोल्दै नेपाल रेडक्रस क्षमता विकास तथा अनुकरण अधिकृत सन्तोष ढकालले विपद्का घटनाहरुलाई कसरी न्युनिकरण गर्न सकिन्छ र न्युनिकरणका लागि समुदाय स्तर बाट के कस्ता गतिविधि गर्न सकिन्छ भन्ने उदेश्यका साथ परियोजनाले काम गर्दै आएको बताए । त्यस्तै विपद् व्यवस्थापनका लागि पूर्व अभ्यास तथा जानकारी, स्थानीय सरकार सँग समन्वय गर्दै त्याँहाका समुदायमा सञ्चालित गतिविधि अन्तर्गत विपद् व्यवस्थापनको पाटोलाई अभिवृद्धि गर्दै दक्ष जनशक्ति निर्माण गरेर प्रतिकार्यमा सहज होस् भनेर कार्यक्रम गरिएको बताए । त्यस्तै जिल्ला विपद् व्यवस्थापन समिति अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले जिल्लामा विपद्मा ठूलो चुनौती रहेको भन्दै विपद्बाट प्रभावितहरुको पैसा हालसम्म पनि दिन नसकेको बताए । केन्द्रबाट मनसुनजन्य रकम नआउँदा हालसम्म पनि पिडितहरुलाई दिन नसकिएकोले अब पैसा आउँछ की भन्ने आशामा रहेको प्रमुख जिल्ला अधिकारी पाध्याले बताए। त्यस्तै बुढीगंगा नगरपालिका नगर प्रमुख रामबहादुर बानियाँले नगरपालिका विपद्जन्य घटनामा पहिरोबाट सबैभन्दा ठूलो समस्या भोगिरहेको भन्दै विपद् न्युनिकरणजन्य गतिविधि समुदाय स्तरमै सञ्चालन गर्न थालेपछि अहिले प्रतिकार्यको लागि आधार बनिरहेको बताएका छन् । सदरमुकाम मार्तडी स्थित हिलटप होटेलमा सुरु भएको दुई दिने तालिममा अन्तराष्ट्रिय रेडक्रसमा कार्यरत रजनिराज ओभ्रा र क्षमता विकास तथा अनुकरण अधिकृत सन्तोष ढकालले प्रशिक्षण गरी रहेका छन् ।बुढीगंगा र खप्तड छेडेदह विपद्जन्य घटनामध्ये सबैभन्दा बढी पहिरोबाट प्रभावित पालिका समेत हुन् । हाल नेपाल रेडक्रस सोसाइटीले बुढीगंगा नगरपालिका वडा नम्बर २ र १०, खप्तड छेडेदहका ४, ५ र ६ मा २०२४ जनवरी देखि २०२५ डिसेम्बरसम्म सुरक्षित नेपाल परियोजनामार्फत विपद् जोखिम न्यूनिकरण सम्बन्धी काम गरी रहेको छ ।

# तक्षशिलामा अभिभावकहरु विच मैत्रिपुर्ण खेल

■ नमस्ते समचारदाता
कोहलपुर, माघ/२६



बाँके जिल्लाको कोहलपुर नगर पालिका वडा नं. १० मा रहेको तक्षशिला एकेडेमी कोहलपुरले आज शनिवार विद्यालय हाताभित्र अभिभावकहरुविच मैत्रिपुर्ण खेलकुद कार्यक्रम सम्पन्न गरेको छ। आफ्ना बिद्यार्थीहरुका अभिभावकहरुलाइ खेलका माध्यमबाट मनोरञ्जन एव स्वस्थ रहन उत्प्रेरणा मिलोस भन्ने अभिप्रायले अभिभावकहरुविच खेलकुद कार्यक्रमको आयोजना गरिएको बिद्यालयका अध्यक्ष बिष्णु प्रसाद बेल्बासेले बुलेट न्युजलाई बताए । अभिभावक खेलकुद कार्यक्रममा फुटसल, भलिबल, कुर्सी दौड , डोरितान लगाएतका आधा दर्जन बढि खेलमा प्रतिस्पर्धा गराईएको विद्यालयका प्रिन्सिपल भिम बहादुर रोकायले जनाए । विद्यालयमा शैक्षिक सुधार एवं भौतिक सुधार उल्लेख्य मात्रामा भएको पाइएकाले हामीहरुलाई थप हौसला मिलेको बताउदै विद्यालयका अभिभावक भिमनार ायण तिमिल्सिनाले उत्कृष्ट पठन पाठनले आफ्नो रोजाइमा तक्षशिला एकेडेमी नै पर्न सफल भएको जिकिर गरे । आफ्ना नानी वावु भविष्यकालागि तक्षशिला एकेडेमीको प्रयास सम्मान गर्न लायक रहेको भन्दै उपस्थित अभिभावकहरुले विद्यालयप्रति मुक्त कण्ठले प्रंशसा गरेका छन । पछिल्लो समय समय, काल र परि स्थिती अनुरुप विद्यालयको पठन पाठनलाई ब्यवहारिक एंब बैज्ञानिक वनाउदै लगेको तक्षशिलाले हरेका कक्षा कोठामा डिजिटल वोर्ड राखेर पठन पाठन गराउने प्रयासलाई निरन्तरता दिएको छ । शिक्षाका अलावा सामाजिक उत्तरदायित्व, अभिभावकविच समिपता ल्याउन विविध कार्यक्रम गर्न पछि नपर्ने विद्यालयले अभिभावकहरुविच मैत्रिपुर्ण खेलको आयोजना गर्दै एक अर्का अभिभावकविच चिर परिचित हुने अवसर समेत प्रदान गरेको सहभागि एक अभिभावकले बुलेट न्युजलाई वताए । आज आयोजित खेलकुदमा बिजेताहरुलाई विद्यालयको बार्षिक उत्सव समारोहमा पुरस्कार वितरण गर्ने कार्यक्रम तय गरेको विद्यालयले अभिभावक विद्यार्थी र विद्यालय विचको सुमधुर सम्वन्धले शैक्षिक सुधारमा फड्को मार्न सहज हुने विद्यालय परिवारले विश्वास ब्यक्त गरेको छ।

# मानव अधिकार एलाइन्स कर्णाली प्रदेशको दोश्रो बार्षिक सभा सम्पन्न

■ नमस्ते समचारदाता
सुर्खेत, माघ/२६




मानव अधिकार एलाइन्स कर्णाली प्रदेशको दोश्रो बार्षिक सभा सम्पन्न भएको छ । मानव अधिकार एलाइन्स कर्णाली प्रदेशको दोश्रो बार्षक सभा मानव अधिकार एलाइन्स कर्णाली प्रदेशका अध्यक्ष नबिन कुमार शाहीको अध्यक्षतामा कर्णाली प्रदेशको विरेन्द्रनगरमा सम्पन्न भएको हो। ५ बुदे घोषण पत्र जारि गर्दै कर्णाली प्रदेशको राज्धानि बिरेन्द्रनगरमा सम्पन्न भएको छ। घोषणा पत्रमा भनिएको छ: १- कर्णाली प्रदेशको समाजिक तथा आर्थिक रुपान्तरका लागि मानवअधिकारको शुनिस्चितता गर्न सबै संघ संस्थाहरु एक जुट भएर जुट्ने । २-कर्णाली प्रदेशमा उपलब्ध विभिन्न मानवीय तथा प्राकृतिक स्रोत साधनको उिचत उपयोगका लागि सरकारका गतिविधिहरुलाइ सहयोग समन्वय र सहकार्य गर्ने । ३-सुखारी कर्णाली वासी समृद्ध कर्णाली प्रदेश निर्माण गनृ घरघर र जनजनमा मानव अधिकारका मुलभुत आधार निर्माण संरक्षण र सम्बर्धन गरी एक पालिका एक मानव अधिकार रक्षक निर्माण गर्ने । ४-जाजरकोट भुकम्प लगायत अन्य बिपदवाट प्रभावित ब्यक्ति तथा घरपरिवारहरुको मानव अधिकार सम्मत ढङ्गले पूर्नस्थापना र पूननिर्माण कार्य अगाडी बढाउन ३ वटै सरकार सँग अपिल गर्ने । ५-मानव अधिकार एलाइन्सले टोल स्तर देखी वडा पालिका र प्रदेश तहमा साँगाठानिक गतिविधिहरुलाइ सुद्धढ र सशक्त गराउनका लागि आ आफ्नो क्षेत्रमा भुमिका र जिम्मेवारी अनुसार कार्यक्षेत्रमा क्रियाशिल रहि दस्तावेजीकरण गर्ने । आदी पाँच बुधे घोषणा पत्र जारी गरेको छ। मानव अधिकार एलाइन्स कर्णाली प्रदेशको दोश्रो बार्षिक सभामा प्रमुख अथिति एलाइन्सका केन्द्रिय सचिब एबम प्रदेश इन्चार्ज टीकाराम आचार्य, प्रमुख वक्ता नेकपा एमाले इस्थाइ कमिटी सदस्य एबम कर्णाली प्रदेश इन्चार्ज कमरेड गोरख बोगटी, बिशेष वक्ता नेकपा एमाले केन्द्रिय सदस्य एबम बिरेन्द्र नगर नगर पालिकका नगर प्रमुख मोहन माया ढकालो उपस्थिति रहेको थियो । त्यस्तै नेकपा एमाले प्रदेश कमिटी सचिब एबम अ.ने.म.संघ कर्णाली प्रदेश अध्यक्ष कमरेड पद्ममा खडका, वक्ता नेकपा एमाले सुर्खेत जिल्ला कमिटी उपाध्यक्ष कमरेड मोहन बडुवाल, केन्द्रिय कमिटी सदस्यहरु, प्रदेश कमिटी पदाधिकारी, सदस्य, जिल्ला कमिटी अध्यक्ष, पदाधिकारी , पालिका पदाधिकारी, सदस्य, गैसस माहसंघ अध्यक्ष , गैसस जिल्ला अध्यक्ष र सदस्य , प्रेस चौतारीका पदाधिकारी र सद्स्य, अन्य नागरिक समाज लगायतको बृहत् उपस्थितिम रहेको थियो । कार्यक्रम समपन्न गर्न साथ, सहयोग, सुभाब , सल्लाह दिनुहुने सम्पूर्ण महानुभावहरु धन्यवादको पात्र रहेको भन्दै मानवअधिकार एलाइन्स कर्णाली प्रदेश अध्यक्ष नबिन कुमार शाहीले सवैलाइ धन्यवाद प्रकट गरे ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके